नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४६ अङ्क ५ माघ २०७८ जनवरी-फेब्रुअरी २०२२

# आर्थिक पत्रकारहरूसँग राष्ट्र बैंकको अन्तरक्रिया

## आयात बढेका कारण तरलतामा चाप पर्‍यो: गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले पछिल्लो समयमा आयातको परिमाणमा भएको वृद्धिका कारण बजारमा तरलताको अभाव भएको बताउनुभएको छ ।

गभर्नरको कार्यालयद्वारा पुस ७ गते आयोजित 'आर्थिक पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम'मा मन्तव्य राख्दै उहाँले भन्नुभयो, "पछिल्लो समय आयातको परिमाणमा ठूलो वृद्धि भयो । बैंक तथा वित्तीय संस्थाको लगानी त्यही मात्रामा भयो । तर त्यसअनुरूप निक्षेप जुट्न सकेन । यसको प्रेसर स्वाभाविक रूपमै तरलतामा पर्‍यो ।"

तरलता अभावको समाधानको निम्ति अल्पकालीन र दीर्घकालीन नीतिगत व्यवस्थाको लागि राष्ट्र बैंकले प्रयास जारी राखेको धारणा गभर्नर अधिकारीले राख्नुभयो । तरलता अभावलाई कम गर्न स्थायी तरलता, पुनरकर्जा, खुला बजार कारोबारजस्ता सुविधा बैंकले उपलब्ध गराएको जानकारी उहाँले दिनुभयो ।

राष्ट्र बैंकले एलसी मार्जिनमा गरेको कडाइलाई 'आयातको प्रतिबन्ध'का रूपमा नलिइदिन गभर्नर अधिकारीले आग्रह गर्नुभयो । "यसबाट अनावश्यक वस्तुको आयात केही तिरुत्साहित हुन्छ । साथै आयात गरेर वर्षौंसम्म भण्डार गर्ने प्रवृत्तिको अन्त्य भई आवश्यक वस्तु मात्रै बजारमा आयात हुने हाम्रो अपेक्षा छ," उहाँले भन्नुभयो ।

वित्तीय क्षेत्र स्थायित्वका निम्ति राष्ट्र बैंकले प्रयास गरिरहेको उल्लेख गर्दै गभर्नर अधिकारीले आफ्नो क्षेत्राधिकारबाहिरका विषयमा सरकारलाई सुझावसमेत दिइएको जानकारी दिनुभयो । विदेशी विनिमय सञ्चितिको घट्दो अवस्थालाई राष्ट्र बैंकले नजिकबाट नियालिरहेको उहाँको भनाइ थियो ।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले वर्तमान आर्थिक स्थिति र वित्तीय व्यवस्थापनमा राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले मुद्रास्फीति, ब्याजदर, आयात/निर्यात र शोधनान्तर स्थिति, विदेशी विनिमय सञ्चिति, तरलताको अवस्था र तरलता व्यवस्थापनको निम्ति राष्ट्र बैंकले चालेका कदमबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रममा गभर्नर अधिकारीसँगै कार्यकारी निर्देशकहरू देवकुमार ढकाल, डा. श्रेष्ठ, रामु पौडेल र गुरुप्रसाद पौडेलले पत्रकार हरूको जिज्ञासाको जवाफ दिनुभयो भने डेपुटी गभर्नर बमबहादुर मिश्रले अन्तरक्रिया सत्रको सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष अनिलकुमार उपाध्याय, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपालका अध्यक्ष प्रद्युमन पोखरेल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधर र नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का अध्यक्ष मोदनाथ ढकालले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

सो अवसरमा डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाले धन्यवाद ज्ञापनसहित समापन मन्तव्य राख्नुभयो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने गभर्नरको कार्यालयका सहायक निर्देशक सृजना क्षेत्रीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# चौथो रणनीतिक योजना तर्जुमासम्बन्धी अन्तरक्रिया




संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले पुस २ र ३ गते 'नेपाल राष्ट्र बैंकको चौथो रणनीतिक योजना (२०२२-२०२६)' तर्जुमासम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

विभागले तयार गरेको उक्त योजनाको मस्यौदाउपर छलफल गर्ने उद्देश्यले काभ्रेको धुलिखेलमा उक्त अन्तरक्रिया आयोजना गरिएको हो । कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका सञ्चालक एवम् चौथो रणनीतिक योजना तर्जुमा समितिका संयोजक रामजी रेग्मी, कार्यकारी निर्देशक, निर्देशक, प्रदेशस्थित कार्यालयका प्रमुखलगायतको सहभागिता थियो ।

सो अवसरमा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले अन्तरक्रियाको उद्देश्यबारे प्रकाश पार्दै चौथो रणनीतिक योजनाको प्रारम्भिक मस्यौदा प्रस्तुत गर्नुभयो । उहाँको प्रस्तुतिमा बैंकको रणनीतिक योजना तर्जुमाको विगतका अभ्यास, समीक्षा, योजना तर्जुमा प्रक्रिया, योजनाको आवश्यकता, रणनीतिक दिशा, रणनीतिक स्तम्भलगायतका विषयवस्तु समेटिएको थियो ।

कार्यक्रमको पहिलो दिन योजनाको मस्यौदामाथि छलफल गर्न सहभागीलाई सात वटा समूहमा विभाजन गरिएको थियो । सबै समूहबाट मस्यौदा परिमार्जनको निम्ति सुझावहरू दिइएकोमा त्यसउपर सहभागीबीच छलफल भएको थियो । डेपुटी गभर्नर बमबहादुर मिश्रले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले नयाँ रणनीतिक योजनासँगै बैंकका आगामी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाउँदै जानुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "वित्तीय समावेशीकरण, डिजिटल बैंकिङ र अन्तर्राष्ट्रियस्तरमा स्थापित भएका नवीनतम अभ्यासलाई हामीले पनि अवलम्बन गर्दै जानुपर्ने आवश्यकता छ ।"

सो अवसरमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले बैंकको कार्यसम्पादनलाई प्रभावकारी बनाउन र कार्य सञ्चालन दक्षता अभिवृद्धि गर्न रणनीतिक योजनाको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । यसै गरी, डेपुटी गभर्नर मिश्रले प्रस्तावित रणनीतिक योजनाको कार्यान्वयनसँगै बैंकको कार्यसम्पादन थप गतिशील र प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । सञ्चालक रेग्मीले योजनाको मस्यौदामा महत्वपूर्ण सुझाव प्राप्त भएको उल्लेख गर्दै ती सुझावलाई समेटेर योजनालाई अन्तिम रूप दिइने जानकारी दिनुभयो ।

कार्यक्रममा आयोजक विभागका का.मु. निर्देशक शरणकुमार अधिकारीले स्वागत मन्तव्य र निर्देशक हिमप्रसाद न्यौपानेले समापन मन्तव्य राख्नुभयो भने उप-निर्देशक निरज अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वित्तीय साक्षरता सबैका लागि महत्वपूर्ण: गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले सबै नागरिकमा वित्तीय साक्षरता अभिवृद्धि गरी वित्तीय पहुँच विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ ।

हिमालय टेलिभिजन र अनलाइन खबर डट कमको संयुक्त प्रयासमा सुरु गरिने ‘बैंकिङ शिक्षा’ नामक कार्यक्रमको उद्घाटनका अवसरमा उहाँले यो धारणा राख्नुभएको हो । गभर्नर अधिकारीले भन्नुभयो, “वित्तीय पहुँच विस्तारको निम्ति सबै जनसंख्यालाई औपचारिक बैंकिङ प्रणालीमा आबद्ध गर्ने काम चुनौतीपूर्ण छ । वित्तीय साक्षरता सार्वजनिक सरोकारको विषय हो । त्यसैले यसलाई सार्थक बनाउन राष्ट्र बैंकसहित सबै सरोकारवाला पक्षको सामूहिक प्रयास आवश्यक छ ।”

वित्तीय साक्षरता राष्ट्र बैंकको महत्वपूर्ण एजेन्डा रहेको उहाँको धारणा थियो । बैंकको रणनीतिक योजना र अन्य नीतिगत व्यवस्थामा वित्तीय साक्षरतालाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको जानकारी गभर्नर अधिकारीले दिनुभयो । वित्तीय पहुँच पुगेका ग्राहकहरूमा समेत बैंकिङ सेवाका विषयगत ज्ञान अभिवृद्धि गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

सो अवसरमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले वित्तीय साक्षरताको महत्वबारे उल्लेख गर्दै साक्षरता प्रवर्द्धनका लागि नेपाल राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत र कार्यगत व्यवस्थाबारे चर्चा गर्नुभयो ।

‘दिगो बैंकिङका लागि वित्तीय साक्षरता’ भन्ने नाराका साथ सुरु भएको ‘बैंकिङ शिक्षा’ कार्यक्रम हिमालय टेलिभिजन र अनलाइन खबर डट कमबाट साप्ताहिक रूपमा प्रसारण/प्रकाशन हुने जनाइएको छ । उक्त कार्यक्रममा वित्तीय साक्षरताका गतिविधि, टेलिश्रृङ्खला, विज्ञसँग वित्तीय बहसलगायतका विषयवस्तु समेटिने जानकारी निर्माण पक्षले दिएको छ ।

# कार्यकारी निर्देशक कडेलको अवकाश



कार्यकारी निर्देशक भुवन कडेलले पुस १० देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । २०५९ चैत २० उप-निर्देशकको रूपमा बैंक सेवा प्रवेश गर्नुभएका कडेलले ५८ वर्षे उमेर हदका कारण अवकाश पाउनुभएको हो ।

पुस १० गते आयोजित एक कार्यक्रमका बीच गभर्नर महाप्रसाद अधिकारीले बिदाइस्वरूप उहाँलाई कदरपत्र प्रदान गर्नुभयो । सो अवसरमा गभर्नर अधिकारीले विभिन्न विभाग/कार्यालयमा कडेलले दिनुभएको योगदानको निम्ति धन्यवाद दिँदै सुखद अवकाश जीवनको निम्ति शुभकामना दिनुभयो । साथै उहाँको अनुभव वित्तीय क्षेत्रको निम्ति सधैं उपयोगी हुने विश्वाससमेत गभर्नर अधिकारीले व्यक्त गर्नुभयो ।

सो अवसरमा सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले शुभकामना मन्तव्य राख्नुभयो । गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# तनाव व्यवस्थापन कार्यक्रम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले पुस ९ र १० गते काठमाडौंमा 'Stress Management for Executives' विषयक कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्य तथा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभिन्न विभाग/कार्यालयका अधिकृत विशिष्ट र प्रथम श्रेणीका गरी ५२ जनाको सहभागिता थियो ।

गभर्नर अधिकारीले कार्यक्रमको उद्घाटन गर्नुभयो भने डेपुटी गभर्नर तिम्सिनाले कार्यक्रम समापन गर्नुभएको थियो । कार्यक्रममा बाह्य प्रशिक्षकको रूपमा आमन्त्रित स्वामी अरहत र डा. केदारबहादुर रायमाझीद्वारा योग तथा तनाव व्यवस्थापनसम्बन्धी सेसनहरू सञ्चालन गरिएको थियो । सो अवसरमा विभिन्न हास्य कलाकारद्वारा हास्यव्यङ्ग्यात्मक प्रहसनसमेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले स्वागत मन्तव्य राख्नुभयो भने बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# अध्यक्षद्वय केसी र पाँडेद्वारा गभर्नर अधिकारीसमक्ष शपथ ग्रहण

कृषि विकास बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष रमेशकुमार केसीले गभर्नर महाप्रसाद अधिकारीसमक्ष पुस ४ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

अर्थ मन्त्रालयको गत भदौ ३१ को निर्णयबाट उहाँ बैंक सञ्चालक समितिको सदस्य नियुक्त हुनुभएको थियो । कृषि विकास बैंक सञ्चालक समितिको मङ्सिर २८ गते बसेको बैठकले केसीलाई अध्यक्ष चयन गरेको थियो ।

यसै गरी, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष पृथ्वीबहादुर पाँडेले पुस १९ गते गभर्नर अधिकारीसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभयो ।



नेपाल इन्भेष्टमेन्ट बैंक सञ्चालक समितिको मङ्सिर २७ गते बसेको ५५८ औं बैठकले उहाँलाई अध्यक्ष चयन गरेको थियो । अध्यक्षको कार्यकाल चार वर्ष हुने प्रावधान छ । शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्षद्वय केसी र पाँडेलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।



बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ । सोही ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# एकीकृत निर्देशनसम्बन्धी अन्तरक्रिया




बैंक तथा वित्तीय संस्था नियमन विभागले पुस २३ र २४ गते इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा भएको परिमार्जनका सन्दर्भमा सम्बन्धित सुपरिवेक्षण विभागहरूसँग काभ्रेको धुलिखेलमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यकारी निर्देशक देवकुमार ढकालको अध्यक्षता र डेपुटी गभर्नर बमबहादुर मिश्रको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा आयोजक विभागसँगै, बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग र लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक, निर्देशक तथा अधिकृतहरू गरी ६३ जनाको सहभागिता थियो ।

कार्यक्रममा नियमन विभागका उप-निर्देशकद्वय सुवास आचार्य र केदारप्रसाद पोखरेलले 'क', 'ख', 'ग' र 'घ' वर्गका संस्थाका निम्ति जारी गरिएको एकीकृत निर्देशनमा भएको संशोधन र परिमार्जनका सन्दर्भमा प्रस्तुति दिनुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर बमवहादुर मिश्रले यस्तो किसिमको अन्तरक्रियाबाट एकीकृत निर्देशनको कार्यान्वयन अवस्था, सुपरिवेक्षकको निर्देशनप्रतिको बुझाइ, निर्देशनको कार्यान्वयनमा देखिएको कमजोरी सुधार गर्ने सन्दर्भमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । साथै, एकीकृत निर्देशनका विषयमा नियमन विभाग र सुपरिवेक्षण विभागहरूबीच देखिएका द्विविधाको समाधानको निम्ति अन्तरक्रियाबाट टेवा पुग्ने धारणा उहाँले राख्नुभयो । सो अवसरमा कार्यकारी निर्देशक ढकालले सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले अन्तरक्रिया कार्यक्रमबाट सुपरिवेक्षकहरूमा ज्ञान/सीपसँगै सुपरिवेक्षकीय क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा निर्देशक किरण पण्डितले स्वागत मन्तव्य राख्दै एकीकृत निर्देशनमा भएका पछिल्लो संशोधन र परिमार्जनको सन्दर्भबारे चर्चा गर्नुभयो भने उप-निर्देशक बद्रीप्रसाद खकुरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गो–एएमएल रिपोर्टिङसम्बन्धी ज्ञान आदानप्रदान तथा अन्तरक्रिया



गो-एएमएल प्रणालीमा बीमा कम्पनीहरूलाई आबद्ध गर्ने तयारीस्वरूप वित्तीय जानकारी इकाईले पुस ५ गते काठमाडौंमा ज्ञान आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

जीवन तथा निर्जीवन बीमा कम्पनीका अनुपालना अधिकृत र रिपोर्टिङसँग सम्बन्धित कर्मचारीको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा नियमनकारी निकाय, बीमा समिति र वित्तीय जानकारी इकाईअन्तर्गतको गो-एएमएल कार्यान्वयन टीमले विद्युतीय माध्यमबाट हुने रिपोर्टिङमा रहेको समस्या र समाधानका उपायबारे छलफल गरेको थियो ।

उक्त कार्यक्रम दुई वटा सत्रमा सञ्चालन भएको थियो । जीवन बीमा कम्पनीका प्रतिनिधि सहभागी रहेको पहिलो सत्रमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका अनुपालना अधिकृत पूजा धितालले गो-एएमएल रिपोर्टिङसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस्तै, निर्जीवन बीमा कम्पनीका प्रतिनिधिहरू सहभागी रहेको दोस्रो सत्रमा नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडका अनुपालना अधिकृत सुलना श्रेष्ठले गो-एएमएल रिपोर्टिङसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा आयोजक इकाई प्रमुख दीर्घबहादुर रावल, गो-एएमएल कार्यान्वयन टीमका उप-निर्देशक स्वरूप श्रेष्ठ, इकाईका सहायकद्वय विवेश पोखरेल र दीपक पराजुलीले सहभागीका जिज्ञासाको जवाफ दिनुभयो भने सहायक निर्देशक अमिष शर्मा र सहायक यज्ञप्रसाद सापकोटाले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

# वित्तीय जानकारी इकाईद्वारा गैरवित्तीय पेशाकर्मी र व्यवसायीसँग अन्तरक्रिया



वित्तीय जानकारी इकाईले पुस १४ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा गैरवित्तीय पेसाकर्मी र व्यवसायीहरू (Designated Non-Financial Business and Professions-DNFBPs) सँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको प्रमुख आतिथ्यमा इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा पर्यटन मन्त्रालय, पर्यटन विभाग, आन्तरिक राजस्व विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल कानुन व्यवसायी परिषद्, नेपाल क्यासिनो एसोसियसन, नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण व्यवसायी महासंघ, नेपाल हस्तकला महासंघ, नेपाल जग्गा तथा आवास विकास संघ, नेपाल नोटरी पब्लिक एसोसियसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, अडिटर्स एसोसियसन अफ नेपाल, नेपाल बार एसोसियसनका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'AML/CFT in DNFBPs' तथा 'goAML in DNFBPS' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर तिम्सिनाले सबै किसिमका नियामक निकायले आ-आफ्नो क्षेत्रको नियमन, सुपरिवेक्षण तथा अनुगमन कार्यलाई सबल बनाउँदै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको प्रयासलाई सुदृढ तुल्याउन सबै पक्षले दायित्व निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । साथै राष्ट्रिय रणनीतिको कार्यान्वयन, पारस्परिक मूल्याङ्कनको तयारी, विद्युतीय माध्यमबाट रिपोर्टिङ गर्ने जस्ता कार्यहरू प्राथमिकतामा रहेको जानकारीसमेत उहाँले दिनुभयो ।

डेपुटी गभर्नर बमबहादुर मिश्रले गैरकानुनी तवरले आर्जन गरेको सम्पत्तिलाई शुद्धीकरण गने कार्यमा गैरवित्तीय पेसाकर्मी वा व्यवसायीको प्रयोग हुनसक्ने उल्लेख गर्दै सबै व्यवसायी र पेसाकर्मी यसप्रति सजग रहनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले समापन मन्तव्य राख्दै सम्बद्ध पेसाकर्मी र व्यवसायीहरूसँग निकट भविष्यमा क्षेत्रगत हिसाबले छुट्टाछुट्टै अन्तरक्रिया गरिने जानकारी दिनुभयो । सो अवसरमा पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले कार्यक्रम सफलताको शुभकामना दिनुभयो । कार्यक्रममा इकाईका उप-निर्देशक मेदनीप्रसाद पोखेलले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक अस्मिता गोर्खालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वित्त व्यवस्थापन विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

वित्त व्यवस्थापन विभागले मङ्सिर २९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा उप-निर्देशक जगदीश कुमारले "NFRS Implementation in NRB" वार्ता प्रस्तुत गर्नुभयो । सो अवसर मा उप-निर्देशक कुमारले नेपाल राष्ट्र बैंकमा एनएफआरएस कार्यान्वयनका विविध पक्षबारे चर्चा गर्नुभयो ।

यसै गरी, विभागले पुस १२ गते अर्को ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा विभागका प्रदान सहायक लेखबहादुर पाण्डेले 'आईपीएस भुक्तानी प्रणाली' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक मुकन्दकुमार क्षेत्रीको सभापतित्वमा आयोजित कार्यक्रममा वित्त व्यवस्थापन विभागका कर्मचारीहरुको सहभागिता थियो । कार्यक्रममा कार्यकारी निर्देशक क्षेत्रीले समापन मन्तव्य राख्दै एनएफआरएस र आईपीएस भुक्तानी प्रणालीका सन्दर्भबारे धारणा राख्नुभएको थियो ।

# वित्त व्यवस्थापन विभागद्वारा अनुशिक्षण आयोजना

वित्त व्यवस्थापन विभागले पुस २३ गते 'वस्तु तथा सेवा खरिद निकासा, पेश्की, पेश्की पछ्र्योट र बिल भुक्तानीसम्बन्धी कार्यविधि' विषयक एक दिने गोष्ठी आयोजना गर्‍यो ।

डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको प्रमुख आतिथ्यमा आयोजित गोष्ठीमा विभागको निम्ति वस्तु तथा सेवा खरिदसम्बन्धी प्रक्रिया, कर्मचारी पेश्की तथा कर्मचारी सहुलियतसँग सम्बन्धित व्यवस्था र आईपीएस भुक्तानी प्रणालीसँग सम्बन्धित तीन वटा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो ।

सो अवसरमा डेपुटी गभर्नर तिम्सिनाले बैंकका विभिन्न विभागका कारोबारको अन्तिम लेखाङ्कन गर्ने महत्वपूर्ण जिम्मेवारी वित्त व्यवस्थापन विभागमा रहेको उल्लेख गर्दै सोसँग सम्बन्धित प्रचलित व्यवस्थाबारे




कर्मचारीलाई जानकारी प्रवाह गर्न उक्त गोष्ठी महत्वपूर्ण रहने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्रीले विभागको वार्षिक कार्यसम्पादनको समीक्षा गर्दै अन्तर्राष्ट्रिय मापदण्डबमोजिम कारोबारको लेखाङ्कन गर्नुपर्ने र विद्युतीय भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

विभागका निर्देशकद्वय सुदीप फुयाल र केशवबहादुर केसीले कार्यपत्रउपर सहभागीले उठाएका जिज्ञासाको जवाफ दिँदै प्रक्रियागत व्यवस्था र समस्या समाधानबारे धारणा राख्नुभयो । विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा लघुवित्त वित्तीय संस्थाहरूसँग अन्तरक्रिया




लघुवित्त संस्था सुपरिवेक्षण विभागले पुस १८ गते रुपन्देहीको सिद्धार्थनगरमा लघुवित्त वित्तीय संस्थाका अध्यक्ष र सञ्चालकहरूसँग संस्थागत शुसासन, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा केन्द्रीय कार्यालय रहेका लघुवित्त संस्थाका अध्यक्ष र सञ्चालकहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा विभागका निर्देशक रामप्रसाद गौतमले 'संस्थागत शुसासन, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली' विषयमा वार्ता प्रस्तुत गर्दै सञ्चालकको काम, कर्तव्य र जिम्मेवारी तथा आचरणसम्बन्धी नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभयो । साथै उहाँले संस्थागत शुसासन, संस्थागत रणनीति, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापनका सम्बन्धमा अपनाउनुपर्ने रणनीतिका विषयमा समेत जानकारी दिनुभयो ।

कार्यक्रम विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले लघुवित्त संस्थाहरू स्वनियमन र अनुशासनमा बस्नुपर्ने उल्लेख गर्दै आफ्नो क्षमताको आधारमा मात्र संस्थाले जोखिम बहन गर्नुपर्ने धारणा राख्नुभयो । लघुवित्त वित्तीय संस्थामा देखिएका समस्याबारे चर्चा गर्दै उहाँले नियामक निकायबाट जारी भएका नीतिगत व्यवस्थाको कार्यान्वयनप्रति ध्यानाकर्षणसमेत गराउनुभयो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक रञ्जना पौडेलले आवश्यक जोखिम बहनको निम्ति लघुवित्त संस्थाहरू सक्षम हुनुपर्ने र मुनाफामा मात्र केन्द्रित नभई संस्थागत सुधारमा समेत केन्द्रित रहनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा माइक्रोफाइनान्स एसोसियसनका अध्यक्ष जगतबहादुर पोखरेलले लघुवित्त संस्थासँग वित्तीय स्रोतको अभाव रहेको उल्लेख गर्दै त्यसको समाधानको निम्ति राष्ट्र बैंकबाट सहयोग हुनुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा विभिन्न लघुवित्त वित्तीय संस्थाका अध्यक्ष/सञ्चालकहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

लघुवित्त वित्तीय संस्थाका अध्यक्ष तथा सञ्चालक गरी ६० जनाको सहभागिता थियो । लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक तेजबहादुर खाँणले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# शोधनान्तर तथ्याङ्क सङ्कलन र प्रशोधनसम्बन्धी अन्तरक्रिया




आर्थिक अनुसन्धान विभागले पुस १३ गते काठमाडौंमा शोधनान्तर तथ्याङ्क सङ्कलन तथा प्रशोधनसम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाबाहेकका शोधनान्तर तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधि तथा अनुसन्धान विभागका निर्देशक, उप-निर्देशक, सहायक निर्देशक र अन्य कर्मचारीसहित ४५ जनाको उपस्थिति थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक श्रेष्ठले शोधनान्तर तथ्याङ्कको महत्वबारे उल्लेख गर्दै उक्त तथ्याङ्क तयार पार्ने क्रममा बैंक तथा वित्तीय संस्थाबाहेकका अन्य सम्बद्ध संस्थाको भूमिकाबारे चर्चा गर्नुभयो । सो अवसरमा विभागका उप-निर्देशक नवीना ढकालले शोधनान्तर तथ्याङ्कको आधारभूत पक्ष, महत्व, उपयोगिता एवम् तथ्याङ्क सङ्कलनमा देखिएका चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्दै नेपाल राष्ट्र बैंकले बाह्य क्षेत्रका विभिन्न विषयमा तथ्याङ्क सङ्कलन गरी सोको प्रतिवेदन नियमित रूपमा प्रकाशन गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा सहायक निर्देशक रामप्रसाद न्यौपानेले शोधनान्तर तथ्याङ्क सङ्कलन तथा प्रशोधनका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा शोधनान्तर तथ्याङ्क सङ्कलन निर्देशिका २०६१, विद्यमान International Transaction Reporting System (ITRS), अन्तर्राष्ट्रिय मुद्रा कोषको शोधनान्तर निर्देशिका (BPM6) र सहभागी संस्थाले प्रदान गर्ने तथ्याङ्कको उपयोगिता र तथ्याङ्क सङ्कलनका चुनौतीलगायतका विषय समेटिएको थियो ।

सो अवसरमा शोधनान्तर तथ्याङ्क सङ्कलनमा देखिएका समस्या र तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने विषयमा सहभागीहरूसँग छलफल भएको थियो । अनुसन्धान विभागका निर्देशक डा. डिल्लीराम पोखेल, उप-निर्देशकद्वय नवीना ढकाल र बाबुराम कोइराला, सहायक निर्देशकद्वय स्वेच्छा शाक्य र रामप्रसाद न्यौपानेले सहभागीको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा निर्देशक पोखेलले अन्तरक्रिया कार्यक्रम फलदायी रहेको चर्चा गर्दै सहभागीलाई धन्यवाद ज्ञापन गर्नुभयो । विभागका उप-निर्देशक आलोकज्योती शाक्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक रोलेन्द्रविक्रम जबेगुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगर कार्यालयमा NFRS र लेखा निर्देशिकासम्बन्धी अनुशिक्षण

वित्त व्यवस्थापन विभागले पुस ८ र ९ गते सिद्धार्थनगर कार्यालयमा 'NFRS र लेखा निर्देशिका' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।




कार्यक्रममा विभागका उप-निर्देशकद्वय सम्झना ढकाल र जगदीश कुमार तथा सहायक निर्देशक रमेश अर्यालले NFRS प्रणाली, लेखा निर्देशिका, लेखाङ्कन प्रक्रिया, लेखाका मापदण्डलगायतका विविध पक्षबारे वार्ता प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्रीले विभागबाट सम्पादन हुने कामकारबाहीको लेखाङ्कन विधि तथा केन्द्रीय र प्रादेशिक कार्यालयबीच रहेका लेखाङ्कनसम्बन्धी द्विविधाको निराकरण गर्ने सन्दर्भमा अनुशिक्षण उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा वीरगञ्ज, पोखरा, सिद्धार्थनगर र आयोजक विभागका पाँच-पाँच जना कर्मचारीको सहभागिता थियो । विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# महोत्तरीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम



जनकपुर कार्यालयले पुस ५ गते महोत्तरीको बलवा सरपल्लोस्थित योगकुमार माध्यमिक विद्यालयमा 'वित्तीय चेतना अभिवृद्धि कार्यक्रम' आयोजना गर्‍यो ।

गभर्नरको कार्यालयसँगको समन्वयमा आयोजित कार्यक्रममा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी र शिक्षक गरी करिब सय जनाको सहभागिता थियो । जनकपुर कार्यालयका निर्देशक नीरा ताल्चाभडेलको सभापतित्वमा आयोजित कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक डा. रमेशप्रसाद चौलागाईले वित्तीय शिक्षाको महत्व, बचत तथा कर्जाको आधारभूत जानकारी, विप्रेषण, बीमा, आधुनिक बैंकिङ भुक्तानीका साधन, सफा नोट नीति र सहुलियतपूर्ण कर्जालगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

जनकपुर कार्यालयका उप-निर्देशक अशोककुमार राईले कार्यक्रमको आवश्यकता र औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो । सो अवसरमा विद्यालय व्यवस्थापन समितिका सदस्य कुमुदकुमारी झा र विद्यालयका प्रधानाध्यापक मुनेन्द्र झाले वित्तीय चेतना अभिवृद्धि कार्यक्रमको आयोजनाप्रति धन्यवाद दिनुभयो ।

कार्यक्रममा उप-निर्देशकद्वय राई र चौलागाईले सेयर, डिम्याट खाता, कर्जा र विभिन्न भुक्तानीका साधनलगायतका विषयमा सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो । सो अवसरमा निर्देशक ताल्चाभडेलले पछिल्लो समय वित्तीय चेतनासम्बन्धी विषयले प्राथमिकता पाएको उल्लेख गर्दै नोटको हिफाजतका विषयमा सहभागीलाई जानकारी गराउनुभयो ।

जनकपुर कार्यालयका प्रधान सहायक गोपालबहादुर बुढाथोकीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# काभ्रेको नमोबुद्धमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम




हिन्दूकुश इन्स्युरेन्स इनिसियटिभले पुस २८ गते काभ्रेको नमोबुद्ध-१, मथुरापाटीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो । हिन्दूकुशले गभर्नरको कार्यालयको सहकार्यमा उक्त कार्यक्रम आयोजना गरेको हो ।

हिन्दूकुश इन्स्युरेन्स इनिसियटिभका अध्यक्ष पदमराज अवस्थीको सभापतित्वमा आयोजित कार्यक्रममा ३० जना स्थानीय महिलाको उपस्थिति थियो । सो अवसरमा नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक नरबहादुर थापाले सहभागीलाई बैंकिङ कारोबारको जानकारी, यसको महत्व, पारिवारिक बजेट व्यवस्थापन, विप्रेषण, बीमा, सेयर बजार, आधुनिक बैंकिङ भुक्तानीका साधन, सफा नोट नीति र सहुलियतपूर्ण कर्जालगायतका विषयमा जानकारी दिँदै गैरकानुनी बैंकिङ कारोबार, हुण्डी र ढुकुटीकारोबारप्रति सचेत गराउनुभयो ।

सो अवसरमा नमोबुद्ध-१ का जनप्रतिनिधि कल्पना सुवेदीले कार्यक्रमको आवश्यकता र औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो । गभर्नरको कार्यालयका सहायक निर्देशक सृजना क्षेत्रीले बैंकिङ कारोबार, डिम्याट खाता, कर्जाको सदुपयोगलगायतका विषयमा जानकारी दिँदै वित्तीय स्रोतको सही प्रयोगबाट जीविकोपार्जनमा ल्याउने सुधारबारे धारणा राख्नुभएको थियो ।

# जनकपुर र नेपालगञ्जमा ज्ञान आदानप्रदान कार्यक्रम



जनकपुर कार्यालयले पुस २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा जनकपुर कार्यालयका प्रधान सहायक गोपालबहादुर बुढाथोकीले 'Inflation and Lessons Learned from Worst Cases of Hyperinflation in History' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

त्यसक्रममा उहाँले मुद्रास्फीतिको परिचय, सिद्धान्त, नियन्त्रणका उपायहरू र जिम्बाबेको अधिक मुद्रास्फीति, त्यसबाट जिम्बाबेको अर्थतन्त्रमा परेको नकारात्मक प्रभाव र नेपालले लिनुपर्ने शिक्षाको सम्बन्धमा प्रकाश पार्नुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका ३४ जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा जनकपुर कार्यालयका का.मु. निर्देशक अशोककुमार राईले ज्ञान आदानप्रदान कार्यक्रमको महत्वबारे प्रकाश पार्दै समापन मन्तव्य राख्नुभयो । सहायक निर्देशक श्यामसुन्दर प्रसाद केशरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, नेपालगञ्ज कार्यालयले पुस २९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका उप-निर्देशक सजना शिल्पकारले 'Monetary Policy Framework' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । प्रस्तुतिका क्रममा उहाँले नेपालमा मौद्रिक नीतिको तर्जुमा, प्रक्रिया, यसमा देखिएका समस्या र समाधानको निम्ति आवश्यक उपायबारे चर्चा गर्नुभयो ।

कार्यालयका निर्देशक निभा श्रेष्ठको अध्यक्षतामा आयोजित सो कार्यक्रमको सञ्चालन सहायक निर्देशक लबली श्रीवास्तवले गर्नुभएको थियो ।

# काभ्रेको पनौतीमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक'

गभर्नरको कार्यालयले पुस ११ गते काभ्रेको पनौती-४ स्थित काभ्रे इङ्लिश माध्यमिक विद्यालयमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा विद्यालयको कक्षा १०-१२ मा अध्ययनरत करिब १५० जना विद्यार्थीको सहभागिता थियो । सो अवसरमा पनौतीका स्थानीय बासिन्दा एवम् बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो ।

कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक टीकाराम खतिवडाले नेपाल राष्ट्र बैंकको परिचय, उद्देश्य र कामकारबाहीबारे चर्चा गर्दै बचत, कर्जाको सदुपयोग,




रेमिट्यान्स आप्रवाहको माध्यम, विद्युतीय बैंकिङ प्रविधिको प्रयोग, बैंकिङ क्षेत्रको आधारभूत जानकारी, उजुरी/गुनासोसम्बन्धी व्यवस्था, आयआर्जनका स्रोतलगायतका विषयवस्तुबारे जानकारी दिनुभयो ।

सो अवसरमा विद्यालयका प्रिन्सिपल वसन्तराज नेपालले 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रमको आयोजनाप्रति धन्यवाद दिँदै कार्यक्रमले विद्यार्थीहरूमा वित्तीय चेतनाको स्तर अभिवृद्धि गर्ने विश्वास व्यक्त गर्नुभयो ।

गभर्नरको कार्यालयका सहायक निर्देशक विष्णुप्रसाद फुयालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले पुस महिनामा विभिन्न तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले पुस ४ देखि ९ सम्म काठमाडौंमा 'Macroeconomic Management' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिम कार्यक्रममा विभिन्न विभाग/कार्यालयका ३२ जना अधिकृतसहित राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्याङ्क विभागका एक-एक जना अधिकृतको सहभागिता थियो ।

यसै गरी, केन्द्रले पुस १८-२० मा काठमाडौंमा 'GL Software' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा विभिन्न विभाग/कार्यालयका २७ जना सहायकस्तरका कर्मचारीको सहभागिता थियो । सो अवसरमा नौ जना प्रशिक्षकमार्फत तालिमका नौ वटा सेसनहरू सञ्चालन गरिएको थियो ।

केन्द्रले पुस २५ देखि ३० सम्म पोखरामा अधिकृतस्तरीय 'Central Banking' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा ३० जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा आन्तरिक र बाह्य प्रशिक्षकद्वारा १७ वटा सेसनहरू सञ्चालन गरिएको थियो ।

केन्द्रका का.मु. निर्देशक अशोककुमार घिमिरेले तालिम कार्यक्रममा उद्घाटन मन्तव्य राख्नुभयो भने उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले तालिमको संयोजन गर्नुभएको थियो । केन्द्रका सहायक निर्देशकद्वय हरिगोविन्द महर्जन, सुरेन्द्र केसी र प्रधान सहायक उर्मिला सापकोटाले तालिम कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# संघमा रेग्मीको नेतृत्वमा नयाँ समिति निर्वाचित

नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, केन्द्रीय समितिको बाह्रौं अधिवेशनले राजीव शर्मा रेग्मीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

पुस २३-२८ मा सम्पन्न अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा प्रशान्तवल्लभ पन्त तथा उपाध्यक्ष (प्रथम) र द्वितीयमा क्रमशः विष्णुबहादुर केसी र कुमार पण्डित निर्वाचित हुनुभएको छ । यसै गरी, महासचिवमा हरिकृष्ण भट्टराई, उपमहासचिवमा सञ्जीव बखेल, सचिवमा रागनी सिंह, कोषाध्यक्षमा ईश्वर गिरी र सह-कोषाध्यक्षमा कमला कार्की निर्वाचित हुनुभएको संघले जनाएको छ ।



अधिवेशनबाट खगेन्द्र खरेल, रविचन्द्र पौडेल, सुरज चौधरी, दीपक सेढाई, अमर खत्री, ज्योती मेहता, सविता आचार्य, हिरामान श्रेष्ठ र रामगोपाल महर्जन सदस्यमा निर्वाचित हुनुभएको छ । यसै गरी, बालुवाटार र थापाथली समितिमा क्रमशः दामोदर सापकोटा र राजु तिमिल्सिना अध्यक्ष निर्वाचित हुनुभएको जनाइएको छ ।

# बाग्लुङमा आर्थिक तथा वित्तीय तथ्याङ्कसम्बन्धी गोष्ठी



पोखरा कार्यालयले पुस १९ गते बाग्लुङमा 'आर्थिक तथ्याङ्कको महत्व, उपदेयता, तथा तथ्याङ्क सङ्कलनका समस्याहरु' विषयक गोष्ठी आयोजना गऱ्यो ।

पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलको अध्यक्षता र शिक्षा विकास तथा समन्वय इकाई बाग्लुङका प्रमुख कुश्मराज उपाध्यायको प्रमुख आतिथ्यमा आयोजित गोष्ठीमा बाग्लुङ जिल्लाका सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था र शिक्षण संस्थालगायतका निकायका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा निर्देशक खरेलले तथ्याङ्कको आवश्यकता र महत्वबारे उल्लेख गर्दै तथ्याङ्क उपलब्ध गराउने कार्यमा सरोकारवाला पक्षले आफ्नो जिम्मेवारी र दायित्व बोध गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा सहभागीले विभिन्न निकायबाट माग हुने तथ्याङ्कको ढाँचा फरकफरक हुने र तथ्याङ्क उपलब्ध गराउन तालिमप्राप्त जनशक्तिको समेत अभाव रहेको धारणा राख्नुभयो । तथापि स्थानीय तहमा तथ्याङ्क सङ्कलन र प्रशोधनको निम्ति एकीकृत सफ्टवेयर निर्माणको क्रममा रहेकाले आगामी दिनमा सोमार्फत तथ्याङ्क उपलब्धतामा सहज हुने धारणा उहाँहरुले व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पोखरा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले तथ्याङ्क सङ्कलनसम्बन्धी कार्यपत्र पस्तुत गर्नुभयो भने सहायक निर्देशक ऋषिराम ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# नेपालगञ्जमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुशिक्षण




नेपालगञ्ज कार्यालयले पुस २६ गते 'सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि सूचक संस्थाहरूको दायित्व' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

वित्तीय जानकारी इकाईसँगको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । निर्देशक निभा श्रेष्ठको संयोजन र इकाईका निर्देशक दीर्घबहादुर रावलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा नेपालगञ्ज कार्यक्षेत्र रहेका बैंक तथा वित्तीय संस्थाका करिब ५० जनाको सहभागिता थियो ।

सो अवसरमा निर्देशक रावल र इकाईका सहायक निर्देशक अर्जुन सुवेदीले क्रमश: 'AML/CFT in Nepal' / 'An Overview on goAML' विषयमा कार्यपत्र प्रस्तुत गर्दै सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि सूचक संस्थाहरूको दायित्वका सम्बन्धमा चर्चा गर्नुभयो । साथै उहाँहरूले सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यालयका निर्देशक निभा श्रेष्ठले समापन मन्तव्य राख्दै सहभागीलाई धन्यवाद ज्ञापन गर्नुभयो । सो अवसरमा नेपालगञ्ज कार्यालयका उप-निर्देशक श्यामप्रसाद ढकालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक लबली श्रीवास्तवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## पौडेल कार्यकारी निर्देशकमा बढुवा

भुक्तानी प्रणाली विभागका का.मु. कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल अधिकृत विशिष्ट श्रेणी (कार्यकारी निर्देशक) मा बढुवा हुनुभएको छ। सञ्चालक समितिको पुस २३ गते बसेको बैठकले पौडेललाई बढुवा गर्ने निर्णय गरेको हो। *नेपाल राष्ट्र बैंक समाचार* कार्यकारी निर्देशक पौडेललाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

# बढुवा

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक सत्येन्द्रराज सुवेदी र मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक आर्या जोशी निर्देशक (अधिकृत प्रथम) मा बढुवा हुनुभएको छ । लोक सेवा आयोगद्वारा लिइएको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा र बैंकबाट लिइएको अन्तरवार्तामा सफल भई उहाँहरूको बढुवा भएको हो ।

यसै गरी, आन्तरिक परीक्षाबाट विभिन्न विभाग/कार्यालयका सात जना सहायक निर्देशकहरू उप-निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ । मौद्रिक व्यवस्थापन विभागका रमेशप्रसाद पराजुली, कानुन महाशाखाका जुगलकिशोर कुशवाहा, विकास बैंक सुपरिवेक्षण विभागका सृजना बज्राचार्य, कानुन महाशाखाका सुमन आचार्य, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका समिर श्रेष्ठ, वित्त व्यवस्थापन विभागका सुजन खनाल र आर्थिक अनुसन्धान विभागका सुधा दुलाल (आचार्य) उप-निर्देशकमा बढुवा हुनुभएको हो ।

आन्तरिक परीक्षातर्फ सहायकत्रय पोखरा कार्यालयका अमृता पौडेल, सिद्धार्थनगर कार्यालयका केशव श्रेष्ठ र टक्सार महाशाखाका वसन्त जिसी प्रधान सहायक (सहायक प्रथम) पदमा बढुवा हुनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

पुस ५ को निर्णयअनुसार पुस महिनामा प्राविधिक सेवातर्फ पाँच जना सहायक (सू.प्र.) हरू प्रधान सहायक (सू.प्र.) पदमा बढुवा हुनुभएको छ । यसरी बढुवा हुनेमा शिशिर मोदक, सुरक्षा पन्त, रवीन्द्रनारायण माझी, प्रेमप्रसाद सुवेदी र निसान हिताङ हुनुहुन्छ । साथै, वीरगञ्ज कार्यालयका मेकानिक्स बोधविक्रम आले वरिष्ठ मेकानिक्स पदमा बढुवा हुनुभएको छ ।

यसै गरी, विभिन्न विभाग/कार्यालयका १५ जना कर्मचारीको कार्यालय सहयोगी (द्वितीय) बाट प्रथम श्रेणीमा बढुवा भएको छ । यसरी बढुवा हुनेमा गभर्नरको कार्यालयका केशवबहादुर खत्री, गायत्री सापकोटा र शान्ति नेपाल, मुद्रा व्यवस्थापन विभागका सुरेन्द्रकुमार राई र शान्तालक्ष्मी देउला आर्थिक अनुसन्धान विभागका हरिनाथ थपलिया र रामबाबु पोडे, बैंकिङ विभागका सुमित्रा देउला र रनबहादुर सिंजाली, पोखरा कार्यालयका लक्ष्मी थापा मगर, बैंक सुपरिवेक्षण विभागका बिमला लामिछाने, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका धनबहादुर तामाङ, सुर्खेत कार्यालयका बाबुलाल वाइवा (तामाङ), बैंकर्स प्रशिक्षण केन्द्रका रिनत कुचिकार र सूचना प्रविधि महाशाखाका एलिना तुलाधर हुनुहुन्छ ।

यसै गरी, विभिन्न विभाग/कार्यालयका ४३ जना कर्मचारीको कार्यालय सहयोगी तृतीय पदमा बढुवा भएको छ । यसरी बढुवा हुनेमा धनगढी कार्यालयका गोविन्दराज भट्ट, कविराज चौधरी, टेकबहादुर साउद, डम्बरबहादुर मल्ल र राधेश्याम चौधरी, बैंक सुपरिवेक्षण विभागका सुरेन्द्र पोडे, पोखरा कार्यालयका सुरेन्द्रबहादुर बोहोरा, विनादेवी थापा र पर्शुराम कुमाल, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका स्वेरिटी महर्जन, प्रमिला किराती (थापा), लक्ष्मण खड्का, पुनमकुमारी कटुवाल, मणिकुमार भण्डारी र बच्चुराम सिलवाल, मुद्रा व्यवस्थापन विभागका ईश्वरीमैया डङ्गोल, विक्रम कुँवर, रमेश महर्जन, सावित्री काफ्ले, रामसेवक मण्डल, सुरोज तण्डुकार र ताराकुमार थारु हुनुहुन्छ ।

यसै गरी, गभर्नरको कार्यालयका मुकुन्दप्रसाद घिमिरे, खीनबहादुर मगर र अनिता नेपाली, बैंकिङ विभागका अशोक महर्जन र नरेश महर्जन, सिद्धार्थनगर कार्यालयका अशोककुमार बर्मा, जनकपुर कार्यालयका राजकिशोर ठाकुर, विराटनगर कार्यालयका मिलाप श्रेष्ठ र सावित्री लामा, वित्त व्यवस्थापन विभागका गोपी आचार्य, विकास बैंक सुपरिवेक्षण विभागका दशरथ नगरकोटी (पहरी) र जगतमाया महर्जन, लघुवित्त संस्था सुपरिवेक्षण विभागका सरस्वती मल्ल, भुक्तानी प्रणाली विभागका हरिमाया खरेल, विदेशी विनिमय व्यवस्थापन विभागका कवीन्द्र देउला (नेपाली), नेपालगञ्ज कार्यालयका रामनरेश तमोली, वीरगञ्ज कार्यालयका उषाकुमारी उपाध्याय, मौद्रिक व्यवस्थापन विभागका धर्मनाथ मण्डल र चुनु श्रेष्ठ, बैंक तथा वित्तीय संस्था नियमन विभागका विरसिंह लामा, वित्त कम्पनी सुपरिवेक्षण विभागका शैलु श्रेष्ठको कार्यालय सहयोगी (तृतीय) मा बढुवा भएको छ ।

*नेपाल राष्ट्र बैंक समाचार* बढुवा हुनुहुनेहरू सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

## निधन

वीरगञ्ज कार्यालयका कार्यालय सहयोगी (प्रथम) हरिन्दर मेहत्तरको २०७८ पुस २७ गते निधन भएको छ । ब्रेन ट्युमर देखिएका मेहत्तरको वीरगञ्जस्थित सूर्या अस्पतालमा उपचारका क्रममा निधन भएको जनाइएको छ । उहाँ २०४८ कात्तिक ११ गते बैंक सेवा प्रवेश गर्नुभएको थियो ।

यसै गरी, विराटनगर कार्यालयका उप-सहायक सङ्गीता गुरुङ (श्रेष्ठ) को पुस ३० गते निधन भएको छ । लामो समयदेखि क्यान्सरबाट पीडित गुरुङको आफ्नै निवासमा निधन भएको जनाइएको छ । उहाँ २०५२ असार ८ गते बैंक सेवा प्रवेश गर्नुभएको थियो ।

*नेपाल राष्ट्र बैंक समाचार* मृतकद्वयप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार